21 August 2024

National News

मुख्य समाचार

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी पोल्याण्ड र युक्रेनको यात्रामा
- उपराष्ट्रपतिले अफ्रिका र भारतले ग्लोबल साउथ सहकार्यलाई गति दिन सक्ने बताउनुभयो
- ग्लोबल फाइनान्स सेन्ट्रल ब्याङ्कर रिपोर्ट काड्र्समा भारतीय रिजर्व बैंकलाई A+ रेटिङ
- रेसिडेन्स डाक्टरहरूलाई आफ्नो काममा फर्कन एम्सको अपील
- रक्षामन्त्री श्री राजनाथ सिंह शुक्रबारदेखि चार दिने अमेरिका भ्रमणमा

प्रधानमन्त्री पोल्याण्ड-युक्रेन

दुई देशबीचको सम्बन्धलाई थप सुमधुर बनाउन प्रधानमन्त्री श्री नरेन्द्र मोदी दुई दिने औपचारिक यात्रामा पोल्याण्डको वरसा पुग्नुभएको छ । उहाँलाई वरसा मिलिटरी एयरपोर्टमा न्यानो स्वागत गरिएको थियो ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदी पोल्याण्ड र युक्रेनसँगको सम्बन्धलाई बलियो बनाउने उद्देश्यले आज बिहान पोल्याण्ड र युक्रेनको यात्रामा प्रस्थान गर्नुभयो।

उहाँले जामसाहेब नवनगर मेमोरियल, मोन्टेट क्यासिनो र कोल्हारपुर मेमोरियलमा श्रद्धाञ्जली अर्पण गर्नुहुनेछ। पछि, श्री मोदीले वरसामा एउटा सामुदायिक कार्यक्रममा भाग लिनुहुनेछ र भारतीय समुदायका मानिसहरूसँग कुराकानी गर्नु हुनेछ।

यी देशको भ्रमणमा जानअघि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मध्य युरोपमा पोल्याण्ड भारतको महत्वपूर्ण आर्थिक साझेदार भएको बताउनु भयो । उहाँले भारत र पोल्याण्ड लोकतन्त्र, बहुलवाद र दुई देशबीचको सम्बन्ध सुदृढ गर्न प्रतिबद्ध रहेको बताउनु भयो। प्रधानमन्त्रीले आफ्नो पोल्याण्ड भ्रमण दुई देशबीचको कूटनीतिक सम्बन्धको ७० वर्ष पूरा भएको अवसरमा भएको बताउनु भयो । उहाँले आफ्ना साथी प्रधानमन्त्री श्री डोनाल्ड टस्क र राष्ट्रपति एन्ड्रेज डुडासँग भेट्न आतुर रहेको बताउनु भएको छ ।

प्रधानमन्त्रीले राष्ट्रपति श्री भोलोडिमिर जेलेन्स्कीको निमन्त्रणामा आफू युक्रेन भ्रमणमा जान लागेको र यो कुनै पनि भारतीय प्रधानमन्त्रीको युक्रेनको पहिलो भ्रमण हुने बताउनु भयो। उहाँले राष्ट्रपति श्री जेलेन्स्कीसँग द्विपक्षीय सहयोग र युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि छलफल गर्ने बताउनु भयो । उहाँले यस क्षेत्रमा स्थायित्व र शान्तिको पुनःस्थापना हुने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले आफ्नो भ्रमणले दुई देशबीचको प्राकृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउनुका साथै भविष्यका लागि बलियो जग बसाल्ने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो।

## उपराष्ट्रपति -भारत-अफ्रिका सम्मेलन

उपराष्ट्रपति श्री जगदीप धनखडले उदीयमान अफ्रिका र द्रुत गतिमा बढ्दो भारतले ग्लोबल साउथ सहकार्यलाई गति दिन सक्ने बताउनुभएको छ ।

आज नयाँ दिल्लीमा 19 औं CII भारत-अफ्रिका व्यापार सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री धनखडले स्वच्छ प्रविधि, जलवायु-अनुकुल कृषि, समुद्री सुरक्षा, कनेक्टिभिटी र समुद्री अर्थव्यवस्थाका क्षेत्रमा भारत-अफ्रिका सहयोगका लागि प्रशस्त अवसरहरू छन् भन्नुभयो। उहाँले भारतले अफ्रिकासँग अन्तरिक्ष क्षेत्रमा सहकार्य गरिरहेको र देशका विभिन्न क्षेत्रमा डिजिटलाइजेसन तीव्र गतिमा भइरहेको बताउनु भयो । उपराष्ट्रपतिले भन्नुभयो, भारतले अफ्रिकी संघको प्राथमिकताहरूमा आफ्नो प्रतिबद्धता अनुरूप क्षमता निर्माण, प्रशिक्षण र शैक्षिक अवसरहरू पनि उपलब्ध गराउँदै आएको छ। उहाँले भन्नुभयो, भारत अफ्रिकाको चौथो ठूलो व्यापारिक साझेदार हो र सबैभन्दा ठूलो लोकतन्त्र र गतिशील देशको रूपमा भारतले अफ्रिकासँग बलियो सम्बन्ध बनाएको छ।

श्री धनखडले भारतको G-20 अध्यक्षतामा अफ्रिकी संघ समुहमा समावेश हुनु भारतको लागि गर्वको क्षण र महत्त्वपूर्ण भूराजनीतिक विकास भएको बताउनु भयो।

यस अवसरमा जिम्बाब्वेका उपराष्ट्रपति डा. सी.जी.डी.एन. चिवेन्गाले भारत-अफ्रिका सम्बन्धलाई गहिरो बनाउन बलियो दृष्टिकोण आवश्यक रहेको बताउनु भयो। अफ्रिकाले भारतलाई लगानीका धेरै अवसर प्रदान गरेको उहाँले बताउनु भयो।

सम्मेलनलाई मौरिसस, लाइबेरिया अनि गाम्बियाका उपराष्ट्रपतिहरूले पनि सम्बोधन गर्दै भारत अफ्रिका सम्बन्धमाथि प्रकाश पार्नुभयो।

## प्रधानमन्त्री - भारतीय रिजर्व बैंक

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ग्लोबल फाइनान्स सेन्ट्रल ब्याङ्कर रिपोर्ट काड्‌र्स २०२४ मा लगातार दोस्रो पटक "A+" रेटिङ प्राप्त गरेकोमा भारतीय रिजर्व बैंकका गभर्नर श्री शक्तिकान्त दासलाई बधाई दिनु भएको छ।

अर्कोतिर, रिजर्भ बैंक अफ इन्डियाको एक अध्ययनले भारतको निजी कर्पोरेट लगानी सन् २०२४-२५ मा ५४ प्रतिशतले बढेर 2 लाख 45 हजार 212 करोड रुपियाँ पुग्ने अनुमान गरिएको छ। जुन अघिल्लो वर्ष 1 लाख 69 हजार 221 करोड रुपियाँ थियो।

## AIIMS-अपील

अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्स, नयाँ दिल्लीले रेसिडेन्स डाक्टरहरूलाई आफ्नो काममा फर्कन अपील गरेको छ। एम्सले स्वास्थ्यकर्मीको सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको बताएको छ । सर्वोच्च न्यायालयले पनि स्वास्थ्यकर्मीको सुरक्षाका लागि सकारात्मक कदम चाल्ने आश्वासन दिएको छ । एम्सले रेसिडेन्स डाक्टरहरूको समस्या समाधान गर्न समिति गठन गरेको छ ।

प्रतिष्ठानले स्वास्थ्यकर्मी, बिरामी र आगन्तुकको सुरक्षाका लागि आन्तरिक सुरक्षा लेखापरीक्षणका लागि १५ सदस्यीय समिति समेत गठन गरेको छ । समितिले दिन र रातमा क्याम्पसका सबै क्षेत्रको सुरक्षाको मूल्याङ्कन गर्नेछ।

यसैबीच, लेडी हार्डिङ मेडिकल कलेज, मौलाना आजाद मेडिकल कलेज, वर्धमान महावीर र सफदरजंग अस्पतालका रेसिडेन्स डाक्टरहरूले आज कोलकाताको आरजी कर मेडिकल कलेजको बलात्कार र हत्याको मामिलामा न्यायको माग गर्दै जन्तर मन्तरमा विरोध प्रदर्शन गरेका छन्।

## बिहार-राज्यसभा नामांकन

बिहारमा, पूर्व केन्द्रीय मन्त्री एवम् राष्ट्रिय लोक मोर्चाका अध्यक्ष श्री उपेन्द्र कुशवाहा अनि भाजपा उम्मेदवार श्री मनन कुमार मिश्रले आज एनडीए उम्मेद्वारको रूपमा राज्यसभा उपचुनाउका लागि मनोनयन पत्र दर्ता गर्नुभयो। यस अवसरमा मुख्यमन्त्री श्री नितिश कुमार, उपमुख्यमन्त्री श्री सम्राट चौधरी, श्री विजय कुमार सिन्हा र एनडीएका वरिष्ठ नेताहरूको उपस्थिति थियो।

## राजनाथ - अमेरिका

रक्षामन्त्री श्री राजनाथ सिंह शुक्रबारदेखि चार दिने अमेरिका भ्रमणमा रहनु हुनेछ। भ्रमणका क्रममा श्री सिंहले आफ्ना अमेरिकी समकक्षी श्री लोयड अस्टिनसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ। भारत–अमेरिका सम्बन्धमा प्रगति र धेरै तहमा बढ्दो रक्षा सम्बन्धको पृष्ठभूमिमा यो भ्रमण भएको रक्षा मन्त्रालयले जनाएको छ ।

## राष्ट्रिय अन्तरिक्ष दिवस

पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस 23 अगस्तको दिन देशभरि पालन गरिनेछ। यस वर्षको विषय चन्द्रमालाई छुदै जीवनलाई छुनुः भारतको अन्तरिक्ष गाथा रहेको छ। नयाँ दिल्लीको भारत मण्डपममा हुने मुख्य समारोहको उद्घाटन राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले गर्नुहुनेछ।

अन्तरिक्ष राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज पत्रकार सम्मेलनमा भन्नुभयो, गत वर्षको यही दिन चन्द्रयान–३ मिसनका क्रममा चन्द्रमाको सतहमा विक्रम ल्यान्डरको सुरक्षित र सफ्ट ल्याण्डिङ भएको थियो । यससँगै भारत चन्द्रमामा अवतरण गर्ने चौथो र चन्द्रमाको दक्षिणी ध्रुवीय क्षेत्र नजिकै अवतरण गर्ने पहिलो देश बनेको उहाँले बताउनु भयो ।

डा सिंहले अन्तरिक्ष अर्थतन्त्र आगामी दश वर्षमा पाँच गुणा बढेर ४४ अरब डलर पुग्ने बताउनु भयो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले 23 अगस्तलाई राष्ट्रिय अन्तरिक्ष दिवस पालन गर्ने घोषणा गर्नुभएको थियो।

## विश्व अन्डर-20 एथलेटिक्स

अन्डर 20 विश्व एथलेटिक्समा भाग लिन भारतीय टीम आज बिहान पेरुको राजधानी लिमा प्रस्थान भएको छ। प्रतियोगितामा व्यक्तिगत इभेन्ट बाहेक, राष्ट्रिय टीमको चार गुना चार सय मिटर रिले र चार गुना चारसय मिटर मिक्स रिले इभेन्टहरू पनि हुनेछन्।

## मौसम

मौसम विभागले आउँदो दुई दिन असम, मेघालय र त्रिपुरामा भारी वर्षा हुने चेतावनी दिएको छ । आगामी २४ घण्टामा केरल र लक्षद्वीपमा पनि भारी वर्षाको सम्भावना रहेको छ ।